**निर्णय नं. १**

आ.ब. ०७६/०७७ को बार्षिक योजना तथा कार्यक्रम तर्जुमाको लागी आम जनसमुदायको सहभागीतामा स्थानीय स्तरबाट कार्यक्रम छनौटको लागी प्रस्ताब गर्न टोल भेला गरी वडा भेला संचालन गर्ने तथा नगरपालिकामा गठन भएका बिषयगत समिति मार्फत यस आ.ब. को समिक्षा र आगामी आ.ब.को बार्षिक योजना र कार्यक्रम तर्जुमाको लागी तयारी गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

आ.ब.०७५/०७६ मा सन्चालित योजना तथा कार्यक्रमको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने र आम जनताको राय परामर्श बुझी आगामी आ.ब.मा कार्यक्रम तथा योजना तर्जुमा गर्ने उद्देश्यले मिति २०७६।०२।२४ मा सार्वजनिक सुनुवाई गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३**

कर्मचारी समायोजन ऐन अनुसार नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी समायोजन गर्दा सहायक पाचौ पदमा आबश्यक भन्दा बढि कर्मचारी समायोजन भएकाले आगामी नगरसभाबाट दरबन्दि मिलान गर्ने गरी हाल हाजीर गराई कामकाज गराउने निर्णय गरीयो ।

**निर्णय नं. ४**

कालिका नगरपालिका वडा नं. ९ मा खगेरी नहरको लागी निर्मित बाँधले लालपर्सा क्षेत्रको बस्ती जोखिममा परेको र बन्यजन्तुले कृषि बाली हानी नोक्सानी गर्ने गरेकोले समस्या समाधानका लागी आबश्यक पहल गरी दिन भनी स्थानीय बासिन्दाले निबेदन दिएको हुदा बन उपभोक्ता समुह, खगेरी नहर संचालन गर्ने निकाय र सरोकारवाला अन्य निकायसँग समन्वय गरी समस्या समाधानका लागी पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५**

साहित्य संगम, चितवनको मिति २०७६।०१।०९ को पत्रानुसार समकालीन नेपाली आख्यान, समकालीन नेपाली निवन्ध र समकालीन नेपाली कवितामा मार्क्सवादी सौन्दर्य शास्त्र विषयक कार्यक्रम प्रस्तुती र टिप्पणी एवं वृहत कवि गोष्ठी कार्यक्रम संचालनको लागी ब्यक्ति तथा संस्था सहयोग कार्यक्रमबाट रु १५,०००।- (पन्ध्र हजार) सहयोग गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६**

घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनबाट संचालन हुने कार्यक्रम अन्तर्गत हाटबजारका लागी टहरा निर्माण वडा नं. ३ को दिपज्योति टोल शंकर गिरीको घर नजीकको खाली स्थानमा र स्थानिय उपजहरुको संकलन प्रदर्शन तथा बिक्रि कक्ष वडा नं. २ को तरकारी बजारको खाली स्थानमा निर्माण गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ७**

नेचरगाईड एशोसियसनबाट मिति २०७५।१२।२६ को पत्रानुसार स्ट्रेचर २ थान र प्राथमिक उपचारका औषधिहरु उपलब्ध गराई सहयोग गरीदिनुहुन भनि अनुरोध भइ आएकोले माग भएबमोजिमको सामाग्रीको लागी ब्यक्ति तथा संस्था सहयोग कार्यक्रमबाट रु. २०,०००।- (अक्षरुपी रु. बीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ८**

रत्ननगर नगरपालिका अन्तर्गतको मेलमिलाप केन्द्रबाट पेश भएबमोजिम न्याय सम्पादनका लागी बिभिन्न स्थानीय निकायहरुसँग अनुभव आदान प्रदान र अन्तर्क्रियाको लागी अध्ययन अवलोकन भ्रमणका लागि न्यायिक समिति पूर्वाधार विकास तथा मेलमिलाप सम्बन्धी कार्यक्रम शिर्षकबाट रु ५,००,०००।- (पाँच लाख) उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ९**
वडा नं. २ मा कार्यरत सामाजीक परीचालक श्री बिभा डल्लाकोटीले उपचारको लागी मिति २०७६ बैसाख २ गते देखि ३१ गते सम्म बिदा माग गरेकोमा निजको बेतलबी बिदा स्विकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१०**
आ.ब. ०७५।०७६ मा सञ्चालीत हुने योजना तथा कार्यक्रमलाई समयमै सम्पन्न गर्न जेष्ठ ५ गते भित्र संझौता र जेष्ठ मसान्त भित्र फरफारक गर्ने गराउने निर्णय गरीयो ।

**निर्णय न.११**
नेपाल रेडक्रस सोसाइटि उपशाखा रत्ननगरलाई आधारभुत प्राथमिक उपचार तालिम संचालनको लागी रु.२५०००।- (पच्चीस हजार) ब्यक्ति तथा संस्था सहयोग कार्यक्रमबाट उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं.१२**
सार्वजनिक सेवा प्रवाह तथा शुसासन समितिको बैठकबाट निर्णय भए अनुसार स्विकृत दरबन्दि अन्तर्गतका तपशीलका पदहरुमा करार सेवामा नियुक्तिका लागी प्रक्रिया अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाइ अनुमति दिने निर्णय गरीयो ।
**तपसिलः**
(क) नगर प्रहरी (हवलदार) १ जना
(ख) नगर प्रहरी (जवान) ५ जना (महिला २ र पुरुष ३)
(ग) कार्यालय सहयोगी ७ जना (वडा नं. १, ५, ७, ८, १०, ११ र १२)

**निर्णय नं. १३**
यस नगरपालिकाको वडाहरु १, २ र ३ ले बनक्षेत्र नछोएको हुँदा बन सेवा उपभोग गर्न नपाएको कारणले घाँस दाउरा र काठ लगायत बन पैदावर उपभोगबाट बन्चित हुनु परेकाले बिगतमा प्रयोग गरेको टिकौली बन क्षेत्र उपयोग गर्ने ब्यबस्थाका लागी सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १४**
यस रत्ननगर नगरपालिकामा स्थायी रुपमा बसोबास गरीरहेका बिपन्न बर्गका शौचालय विहिन घर परिवारहरुमा शौचालय निर्माणका लागि भुमिहीन सुकुम्बासी सहयोग कार्यक्रम (शौचालय अनुदान १ हजार १५३) लाई विपन्न वर्गका शौचालय विहिन घर परिवारहरुमा शौचालय निमार्ण अनुदान कार्यक्रममा संशोधन गरी रु १०,०००।- (दश हजार) बराबरको आबश्यक जिन्सि सामाग्री उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. १५**
नगर खेलकुद विकास समितिको मिति २०७६ वैशाख ६ गतेको बैठकबाट भएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।
तपसिलः
१. प्रथम मेयर कप भलिवल प्रतियोगिताको शिर्षकबाट रु ४०,०००।- (चालिस हजार) रकमान्तर गरी प्रथम मेयर कप
अन्तर्राष्ट्रिय भलिवल प्रतियोगिता आयोजना गर्ने पञ्चरत्न युवा क्लबलाइ प्रदान गर्ने ।
२. खेल्दै सिक्दै केन्द्रको बालबालिकालाई खेल सामाग्री बितरणका लागी रु १०,०००।- (दश हजार) विनियोजन गर्ने
(व्यक्ति तथा संस्थालाई विविध सहायता शिर्षकबाट)

**निर्णय नं. १६**

नेपाल कम्युनिष्ट पार्टी (मसाल), केन्द्रीय कार्यालयको मिति २०७६।०१।०४ को पत्रअनुसार आठौं अधिवेशनको लागि आर्थिक सहयोग गरीदिनुहुन भनी माग भई आएकोले ब्यक्ति तथा संस्था सहयोग कार्यक्रमबाट रु २५,०००।- (पच्चीस हजार) सहयोग गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १७**

यस नगरपालिकामा सञ्चालन भइ रहेका टेम्पो, म्याजिक, अटोरीक्सा जस्ता सवारीसाधनलाई नियमन गर्नु पर्ने भएकोले सवारी साधन दर्ता, रुट निर्धारण र भाडा निर्धारण जस्ता कार्य गर्ने निर्णय गरीयो ।

**निर्णय नं १८**

टाँडी र बकुलहरको बजार क्षेत्र ब्यबस्थित गर्नु पर्ने भएकाले तपशील बमोजिमको **बजार ब्यबस्थापन समिति** गठन गर्ने निर्णय गरीयो ।

तपसिल:

संयोजक श्री रामकृष्ण श्रेष्ठ , वडा सदस्य वडा नं. २
सदस्य श्री छनुराम चौधरी, वडा सदस्य वडा नं. ४
सदस्य श्री किशोर बाबु पुरी, वडा सदस्य वडा नं. ३
सदस्य श्री बाबुराम गौतम, वडा सदस्य वडा नं. १
सदस्य श्री भरथी चौधरी, वडा सदस्य वडा नं. १
सदस्य प्रतिनिधि उद्योग बाणिज्य संघ
सदस्य प्रतिनिधि म्याजिक ब्याबशायी
सदस्य प्रतिनिधि अटोरिक्सा ब्याबशायी
सदस्य प्रतिनिधि इलाका प्रहरी कार्यालय, रत्ननगर
सदस्य सचिव श्री अर्जुन पगेनी, अधिकृत र.न.पा.

**निर्णय नं. १९**

पुर्व पश्चिम राजमार्ग अन्तर्गत मुल सडकको बिचमा रहेको डिभाइडरमा फुल तथा बिरुवा रोपी हरीयाली बनाउने कार्यका लागी पञ्चकन्या सामुदायिक बनबाट मलिलो माटो ल्याउदा लाग्ने खर्चको रकम नगरपालिका आकस्मिक कोष तथा पुर्वाधार निर्माण शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं २०**

प्रदेश नं. ३ सरकारको बृक्षारोपण तथा नीजि बन कार्यक्रम अन्तर्गत डिभिजन बन कार्यालय चितवनलाई सार्वजनिक खुला क्षेत्रमा बृक्षारोपण गरी दिन अनुरोध गर्ने र खुला क्षेत्रको पहिचानका लागी सार्वजनिक जग्गा संरक्षण समितिलाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. २१**

नगरपालिका आकस्मिक कोष तथा पुर्वाधार निर्माण शिर्षकबाट निम्न योजनाको लागी बजेट बिनियोजन गर्ने निर्णय गरीयो ।

१. सत्य साइ केन्द्र र. न. पा. २ लाई भवन मर्मतको लागी रु ४००,०००।- (चार लाख)
२. सक्षम महिला समुह र. न. पा. १० लाई भवन मर्मतको लागी रु २००,०००।- (दुई लाख)
३. शौचालय मर्मत बिन्देश्वरी आ बि र.न.पा. १५ रु ३००,०००।- (तीन लाख)
४. शौचालय मर्मत देबिरमण आ बि र न पा १३ रु २००,०००।- (दुई लाख)

**निर्णय नं. २२**

नगर शिक्षा समितिको मिति २०७५ चैत्र १ गतेको बैठकबाट भएको निर्णयानुसार शिक्षा क्षेत्रमा बिनियोजित रकम बाट तपशीलको शिर्षकमा बजेट/कार्यक्रम बाँडफाड गरिएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरीयो ।
तपसिलः

१, वास सहितको शौचालय राष्ट्रिय आ बि जमुनापुर क रु ७००,०००।- (सात लाख)
२ वास सहितको शौचालय पञ्चदिप आ बि र न पा रु ७००,०००।- (सात लाख)
३, बिज्ञान प्रयोगशाला मोहना मा बि र न पा रु ६५०,०००।- (छ लाख पचास हजार)
४, बिज्ञान प्रयोगशाला जनजागृति मा बि र न पा १४ रु ६५०,०००।- (छ लाख पचास हजार)
५, बिज्ञान प्रयोगशाला पञ्चकन्या मा बि र न पा १३ रु ६५०,०००।- (छ लाख पचास हजार)
६, आइ सि टि कार्यक्रम कपरफोरी मा बि र न पा ९ रु ६५०,०००।- (छ लाख पचास हजार)
७, आइ सि टि कार्यक्रम मा बि चित्रसारी र न पा ८ रु ६५०,०००।- (छ लाख पचास हजार)
८, पुस्तकालय द्धारीकादास मा बि र न पा १४ रु ६५०,०००।- (छ लाख पचास हजार)
९, पुस्तकालय मालपुर मा बि र न पा ७ रु ६५०,०००।- (छ लाख पचास हजार)
१०, पुस्तकालय बकुलहर मा बि र न पा १ रु ६५०,०००।- (छ लाख पचास हजार)
११, पुस्तकालय भद्रकाली मा बि र न पा १६ रु ६५०,०००।- (छ लाख पचास हजार)

**<u>निर्णय नं. २३</u>**

रत्ननगर नगरपालिका वडा नं. ४ मा सञ्चालन भएको फोहोर ब्यबस्थापन अभिमुखिकरण कार्यक्रममा भएको खर्चलाई अनुमोदन गरी सम्बन्धित खर्च शिर्षकबाट भुक्तानिका लागी सिफारीस गर्ने निर्णय गरीयो ।

**<u>निर्णय नं. २४</u>**

प्रचलित कानून अनुसार योग्यता पुगी “घ” बर्गको निर्माण ब्यबशायीको इजाजत पत्र जाँचबुझ समितिबाट सिफारीस भई आएका निम्न ब्यबशायीलाइ “घ” बर्गको निर्माण ब्यबशायीको इजाजत पत्र दिने निर्णय गरीयो ।

तपसिलः

१, धौलागिरी निर्माण सेवा , रत्ननगर ९, चितवन
२, सुनगाभा अन्नपूर्ण कन्स्ट्रक्सन रत्ननगर १२, चितवन

**<u>निर्णय नं. २५</u>**

सामाजिक बिकास समिति र नगर खेलकुद बिकास समितिको निर्णयबाट माग भइ आएका निम्न कार्यक्रमका लागी बजेट उपलब्ध गराउने निर्णय गरीयो ।

१ सार्वजनिक बिद्यालयका किशोरीलाई सेनेटरी प्याड बितरणका लागी रु ५३,०००।-(त्रिपन्न हजार) (व्यक्ति तथा संस्थालाई विविध सहायता शिर्षक बाट)

**निर्णय नं. २६**

प्रदेश नं.३ को सरकारको समपुरक कार्यक्रम अन्तर्गत रत्ननगर नगरपालिकाको वडा नं. ४ को भोकाहा शितलचोकदेखि उत्तर टाँडी बजार हुँदै नवीनचोक (सुव्वा चोक) सम्मको नमुना सडकको कालोपत्रे तथा नाला निर्माणको लागी पेस भएका बोलपत्र स्विकृत गर्दा बाँकी रकम रु. ७८,७७,६८५।- (अठहत्तर लाख सतहत्तर हजार छसय पचासी) बाट उपभोक्ता समिति मार्फत उक्त क्षेत्रको बाँकी भागमा सडक कालोपत्रे निर्माण तथा मर्मत सहित नाला निर्माण गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २७**

रत्ननगर नगरपालिका वडा नं. २ मा आ.व. २०७४/०७५ मा सम्पन्न भएको नाला माथि कपिङ सहित नाला ढकनी (कंक्रिट स्ल्याव) कार्यको लागि वडा नं. २ र ४ (२०/८०) बाटो निर्माण शीर्षकमा बोलपत्र आह्वान गरी सम्झौता गर्दा बाँकी रहेको रकमबाट २१,९४,०००।- (अक्षरुपी रु. एक्काइस लाख चौरानब्बे हजार मात्र) विनियोजन गरी सम्पन्न गर्ने निर्णय गरियो ।